नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

(प्रशासन शाखा)
सल्यान

प.सं.-२०८२/०८३
च.नं. २८८५

मितिः २०८२/१२/२०
नेपाल सम्वत् ११४६

श्री जिल्ला स्थित सरकारी कार्यालय (सबै),
सल्यान।

विषयः एकीकृत ई-पेन्सन सेवा सम्बन्धमा।

उपरोक्त सम्बन्धमा गृह मन्त्रालय (निजामती कर्मचारी प्रशासन शाखा)को च.नं.१४५५ मिति २०८२/१२/१८ गतेको ई-पेन्सन सेवा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने सम्बन्धमा प्राप्त पत्रको छायाँप्रति पाना २(दुई) यसै पत्र साथ संलग्न गरी पठाइएको छ। बाँकी व्यहोरा सोही पत्रबाट अवगत गर्नु भई सोही अनुसार गर्न गराउनु हुन आदेशानुसार अनुरोध छ।

१२/२०
कृष्ण प्रसाद पौडेल
प्रशासकीय अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

निजामती कर्मचारी प्रशासन शाखा

सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-१४५५

मिति २०८२।१२।१८

विषयः एकीकृत ई-पेन्सन सेवा सम्बन्धमा।

श्री प्रमुख जिल्ला अधिकारी,
जिल्ला प्रशासन कार्यालय, ७७ वटै।

प्रस्तुत विषयमा राष्ट्रिय किताबखाना (निजामती) को च.नं.४४४, मिति २०८२/१२/१५ को पत्रको छायाँप्रति यसैसाथ संलग्न छ। पत्रानुसार एकीकृत ई-पेन्सन सेवाको प्रभावकारी कार्यान्वयनमा समन्वय र सहजीकरणको अतिरिक्त सबै राष्ट्रसेवकसम्म सेवा सम्बन्धी जानकारी प्रवाह तथा एकीकृत ई-पेन्सन सेवा व्यवस्थापनका लागि आवश्यक सूचना प्राप्तिलाई प्रभावकारी तुल्याउन निवृत्त कर्मचारीको कार्यालय प्रमुखले प्रमाणित गर्नु पर्ने प्रस्तावित १७ क फारम, सिफारिस पत्रको नमूना (पिडिएफ र वर्ड), राजीनामा स्वीकृत गर्ने पदाधिकारी सम्बन्धी परिपत्र लगायत अन्य विवरण राष्ट्रिय किताबखानाको वेवसाइटमा सेवाहरु शीर्षकमा राखिएको विवरण अनुसार तहाँ जिल्लास्थित कार्यालयहरुको कार्यालय प्रमुखको बैठकबाट व्यापक जानकारी प्रवाह र कार्यालय प्रमुखले तयार गरिदिनु पर्ने कागजातका विषय अनिवार्य परिपालना हुने वातावरण सुनिश्चित गर्नु, गराउनु हुन मन्त्रालयको मिति २०८२/१२/१७ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ।

(रमाकान्त अर्याल)
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय किताबखाना (निजामती),
हरिहरभवन, ललितपुर।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# राष्ट्रिय किताबखाना (निजामती)

पत्र संख्या:-२०८२/८३
चलानी नं.:- ८८८

मिति: २०८२।१२।१५
नेपाल सम्वत: ११४६

गृह मन्त्रालय
शाखा
द.नं.: ६२३३
मिति: २०८२-१२-१६

श्री गृह मन्त्रालय,
सिंहदरवार काठमाण्डौ ।

**विषय : एकीकृत ई-पेन्सन सेवा सम्वन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय किताबखाना (निजामती) बाट प्रवाह हुने महत्वपुर्ण सेवा निवृत्तभरण, उपदान र यससँग सम्बन्धित अन्य सेवाहरुलाइ समेटेर तयार गरिएको "**एकीकृत ई-पेन्सन सेवा**" कार्यान्वयनमा ल्याइसकिएको व्यहोरा जानकारीका लागि अनुरोध छ । एकीकृत ई-पेन्सन सेवाबाट निवृत्त कर्मचारीहरुको सेवामा सरल र सहज पहुँच स्थापित हुनुको अतिरिक्त केन्द्रमा नै धाउनुपर्ने बाध्यताको अन्त्य भई सेवा प्राप्तिको लागत र हैरानी समेत कम हुने भएकोले कार्यान्वयनको शुरुवात देखि नै उत्साहजनक सहभागिता र सकारात्मक पृष्ठपोषण प्राप्त भइरहेका छन् ।

एकीकृत ई-पेन्सन सेवाको प्रभावकारी कार्यान्वयनमा समन्वय र सहजीकरणको अतिरिक्त सबै राष्ट्रसेवकसम्म सेवा सम्बन्धी जानकारी प्रवाह गर्ने कार्यमा प्रमुख जिल्ला अधिकारीको महत्त्वपूर्ण भूमिका रहने भएकोले तहाँ मार्फत सबै जिल्ला प्रशासन कार्यालयहरूमा उपयुक्त निर्देशन सहित परिपत्र गरिदिने व्यवस्थाका लागि अनुरोध छ ।

**एकीकृत ई-पेन्सन सेवामा समावेश हुने सेवा**

- निवृत्तभरण वा उपदान अधिकारपत्र।
- संचित घर तथा बिरामी बिदा बापतको सुविधा निर्धारण पत्र ।
- औषधीउपचार सुविधा निर्धारण पत्र ।
- सोझै पेन्सन बैंक खाता खोलिने सुविधा । (निवृत्तभरण व्यवस्थापन कार्यालयको समन्वयमा)

**एकीकृत ई-पेन्सन सेवा प्रवाहको सहजकर्ता निकाय**

- जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालय (सम्बन्धित जिल्लाका सेवाग्राही सबैका लागि )
- कर्मचारी निवृत्त भएको कार्यालय (कार्यालय प्रमुखको अनुरोधमा one time access उपलब्ध हुने )

**सेवामा थप परिष्करण कार्य योजना**

- कर्मचारी स्वयम्‌को स्मार्ट मोबाइलबाट सेवा पाउन सकिने सुविधा ( प्रविधि सुधारको कार्य भैरहेको )
- निवृत्त कर्मचारीको **निवृत्त डिजिटल परिचयपत्र** र **निवृत्तभरण अधिकारपत्र**को प्रति **नागरिक एप**मा देख्न र सुरक्षित गर्न सकिने सुविधा । (प्रविधि सुधारको कार्य भैरहेको )

**प्रमुख जिल्ला अधिकारीबाट अपेक्षित विशेष भूमिका**

एकीकृत ई-पेन्सन सेवा व्यवस्थापनका लागि आवश्यक सूचना प्राप्तिलाई प्रभावकारी तुल्याउन निवृत्त कर्मचारीको कार्यालय प्रमुखले प्रमाणित गर्नु पर्ने प्रस्तावित **१७ क फारम, सिफारिस पत्रको नमूना** (पिडिएफ र वर्ड ), **राजीनामा स्वीकृत गर्ने पदाधिकारी** सम्बन्धी परिपत्र लगायत अन्य विवरण विभागको वेब साइटमा **सेवाहर** शीर्षकमा राखिएको छ । कार्यालय प्रमुखको बैठकबाट व्यापक जानकारी प्रवाह र कार्यालय प्रमुखले तयार गरिदिनु पर्ने कागजातका विषयमा अनिवार्य परिपालना हुने वातावरण सुनिश्चित गरिदिनु हुन ।

२०८२।१२।१५

(श्रीराम कुमार पोखरेल)
महानिर्देशक

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

ठेगाना: हरिहरभवन, ललितपुर नेपाल,सम्पर्क फोन:५०१०१३८, 5428975,website: www.nijamati.pis.gov.np,E-mail: info@pis.gov.np
यस किताबखानासँग पत्राचार गर्दा सम्बन्धित कर्मचारीको संकेत नम्बर अनिवार्य उल्लेख गर्नुहुन अनुरोध छ ।